अक्टोबर 23, 2023

# Chevron ले $10,000 को शैक्षिक अनुदानको साथमा Hightower Elementary मा STEM शिक्षाको लागि ऊर्जा थपेको छ

Chevron ले प्रदान गरेको DonorsChoose को $10,000 को उदार शैक्षिक अनुदानको कारण नवप्रवर्तनले थप समर्थन पाइरहेको छ । Hightower Elementary School का विद्यार्थीहरूसँग विज्ञान, प्रविधि, इन्जिनियरिङ, र गणित (STEM) शिक्षाको रोमाञ्चक संसारमा आफ्नो कल्पनाशक्ति विस्तार गर्न अझ बढी सिकाइ सामग्री र स्रोतहरू हुने।

अक्टोबर 18 मा, Chevron ले विद्यालयलाई यो अनुदान प्रदान गरेको थियो जसमा Hightower की प्रधानाध्यापक Shelia Price ले कृतज्ञता प्रकट गरिन् र उनीहरूको उदार साझेदारीको लागि Chevron लाई धन्यवाद व्यक्त गरिन् ।

“हामी यो अनुदानको बारेमा उत्साहित छौं । हामी धेरै वर्षदेखि Chevron को साझेदार बन्दै आएका छौं,” प्रधानाध्यापक Price ले भनिन् । "उनीहरूले सधैँ हाम्रो विद्यालयलाई समर्थन गरेका छन्, उनीहरू ठीक यही टोलमा छन्, र उनीहरूले सधैँ हामीलाई फिर्ता दिइरहेका छन्, र म केवल धन्यवाद भन्न चाहन्छु ।"

Hightower Elementary ले विश्वव्यापी रूपमा प्राथमिक र माध्यामिक विद्यालयहरूलाई मान्यता दिने प्रख्यात गैर-नाफामुखी संस्था Cognia बाट STEM विद्यालयको रूपमा प्रतिष्ठित प्रमाणपत्र प्राप्त गरेको छ । प्रधानाध्यापक Price ले प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई दिगोपनसम्बन्धी अवधारणाहरूको बारेमा जानकार बनाउने कुरा विशेष चुनौती हो भनेर स्वीकार गरेकी छिन् ।

"यस उमेरमा हाम्रा विद्यार्थीहरूलाई कुनै चीज सिकाउन, जुन सामग्री आवश्यक पर्छ, उक्त सामग्री हामीसँग छ भनी सुनिश्चित गर्नु धेरै महत्त्वपूर्ण छ । यो अनुदानले हामीलाई धेरै मद्दत गर्नेछ,” सुश्री Price ले भनिन् । "हामी हाम्रा विद्यार्थीहरूका लागि सामग्रीहरू, सरसामानहरू, र अनुभवहरू खरिद गर्न सक्छौं ताकि उनीहरूले STEM क्यारियरहरूको बारेमा थापा पाउन् र कुन-कुन क्यारियरहरू छन् र उनीहरूका लागि कुन-कुन क्यारियर उपलब्ध छ भनेर जानुन् । हामी उनीहरूलाई वास्तविक दुनियाँका समस्याहरूको बारेमा थाहा दिन प्रयास गर्छौं र उनीहरू ती समस्याहरू समाधान गर्न रचनात्मक तरिकाहरू लिएर आउँछन् । ”

DonorsChoose एउटा गैर-नाफामुखी संस्था हो जसले व्यक्तिहरूलाई सार्वजनिक विद्यालयहरूको कक्षाकोठा परियोजनाहरूमा सिधैँ आर्थिक सहयोग गर्न दिन्छ, जसले Chevron लाई सार्वजनिक विद्यालयका विद्यार्थीहरू र शिक्षकहरूलाई सहयोग गर्ने आफ्नो अभियान जारी राख्न सजिलो तरिका प्रदान गर्दछ । 2021 यता, Chevron ले कक्षाकोठाहरूमा राष्ट्रव्यापी रूपमा गहिरो प्रभाव पार्दै $3.5 मिलियन लगानी गरेको छ र लगभग 4,300 परियोजनाहरूमा आर्थिक सहयोग प्रदान गरेको छ ।

यद्यपि, यसको प्रतिबद्धता अझै जारी छ । Chevron ले DonorsChoose शैक्षिक अनुदानको रूपमा पहिचान गरिएका Florida, Georgia, तथा Texas स्कूल डिस्ट्रिक्टहरूलाई $100,000 प्रदान गर्नेछ । Chevron Pascagoula Refinery का सामुदायिक मामिला प्रतिनिधि Amy Brandenstein ले Hightower Elementary को STEM शिक्षा प्रतिको समर्पणको प्रशंसा गरेकी छिन् ।

“उनीहरूले हाम्रा बालबालिकाहरूका लागि उत्कृष्ट कामहरू गरिरहेका छन् । महिनामा एकपटक, उनीहरू वास्तविक संसारका समस्याहरू समाधान गर्न सहयोग गर्ने विज्ञानका प्रयोगहरू तथा परियोजनामा ध्यान केन्द्रित गरिरहेका छन्, जुन प्राथमिक तहमा गर्न रोमाञ्चक हुन्छ,” सुश्री Brandenstein ले भनिन् । "विद्यार्थीहरूलाई यी उत्कृष्ट अवसरहरू दिएकोमा धन्यवाद, र हामी साझेदार बन्न पाउँदा खुसी छौं ।"

प्रधानाध्यापक Price ले उदार कर्पोरेट अनुदानको लागि आभार व्यक्त गरिन् र यसले आफ्ना विद्यार्थीहरूलाई STEM विषयहरूमा उत्कृष्टता हासिल गर्न थप उपकरणहरू, ज्ञान र प्रेरणा प्रदान गरेर उनीहरूको शिक्षा विस्तार गर्छ भन्ने कुरामा जोड दिइन् ।

XXX